# झुलेनी पोष्ट

www.jhulenipost.com

साप्ताहिक

वर्ष ८, अंक ३२, २०७८ फागुन १७ मंगलवार (Jhuleni Post Weekly) 1 Mar. 2022 पृष्ठ ८, मुल्य रु. २०



झुलेनी पोष्ट साप्ताहिक

विज्ञापन प्रकाशनका लागि सम्पर्क

०८६-५९०४३६

कार्यालय : प्यूठान न.पा.-४, विजुवार

Email : jhulenipyuthan@gmail.com


## सत्ता गठबन्धनबाट बाहिरियो राष्ट्रिय जनमोर्चा




एमसीसीको बिरोध गर्दै आइतवार सदरमुकाम खलंगामा राष्ट्रिय जनमोर्चाका नेता कार्यकर्ता

**झुलेनी पोष्ट,**
**प्यूठान**

राष्ट्रिय जनमोर्चा (राजमो) पाँचदलीय सत्तारुढ गठबन्धनबाट अलग भएको छ । आइतबार प्रतिनिधिसभाबाट एमसीसी सम्झौता अनुमोदन भएकोमा असन्तुष्टि जनाउँदै राजमो गठबन्धनबाट बाहिरिएको हो । सोमबार बसेको पार्टीको केन्द्रीय सचिवालय बैठकले गठबन्धनबाट बाहिरिने निर्णय गरेको हो । बैठकपछि अध्यक्ष चित्रबहादुर केसीद्वारा जारी प्रेस विज्ञप्तिमा संसद्बाट षडयन्त्रमूलक तरिकाले एमसीसी पास गरी देशको सार्वभौमिकता र अखण्डतामाथि आँच पुर्‍याएको उल्लेख छ । गठबन्धनका ४ पार्टीले एमसीसी पास गर्दै साम्राज्यवादीको दलाली र पृष्ठपोषण गरेकाले गठबन्धनको औचित्य समाप्त भएको पनि केसीले बताएका छन् । सत्ता गठबन्धनमा रहेका अन्य दलहरु एमसीसीको बिरुद्धमा सडकमा ननिस्किएपनि राजमो एमसीसी पास गर्न नहुने भन्दै आन्दोलनमा थियो । आन्दोलनकै क्रममा सत्ता गठबन्धनबाटै एमसीसी पास

बाँकी ५ पेजमा.....

## नेकपा एस प्यूठानका उपाध्यक्ष हलिम पार्टी नेतृत्वप्रति रुष्ट

नेकपा एकीकृत समाजवादी प्यूठान उपाध्यक्ष हलिम मियाले संसदबाट एससीसी पारित गरेको विषयमा असहमति जनाउँदै बिज्ञप्ती मार्फत बिरोध जनाएका छन् । संसदबाट एमसीसी पारित गर्न आफ्नै पूर्व धारणा विपरित उभिएर एकीकृत समाजवादीले रहस्यमय रुपमा भुमिका खेलेको भन्दै मिया रुष्ट बनेका हुन् । आफैले राष्ट्रघाती भनेको सम्झौता रातारात कसरी राष्ट्रहित भयो भन्दै उनले सोमबार बिज्ञप्ति निकाल्दै केन्द्रिय नेतृत्वलाई प्रतिप्रश्न गरेका छन । यो विषयले देशभरीका नेता तथा कार्यकर्ताहरु गंभीर भएको बताउँदै उनले सत्ता स्वार्थका लागि गरीएको यस्तो भूमिकाले जनतासामु पार्टीका तर्फबाट मुख देखाउन लायक नभएको जारी बिज्ञप्तीमा उल्लेख छ । गठबन्धन र सत्ता टिकाउन सभामुख र १४ वना सांसदहरु जोगाउन भनी गरिएको कार्य गलत र खेदजनक रहेको र कथित ११ बुदे व्याख्यात्मक टिप्पणीले एमसीसी सम्झौताका सन्दर्भमा कुनै अर्थ नरहने स्पष्ट पार्दै मियाले बिज्ञप्ती जारी गरेका हुन् । यसले प्यूठान जिल्लामा नेकपा समाजवादी पार्टीमा हलचल मच्चाएको छ । एमसीसी पास गर्न पार्टी लागेमा यसअघि एस कार्यकर्ता सो पार्टी छोड्ने घोषणा गरेका थिए ।

### जीवनको रङ्ग

## सरुमारानीमा सामुहिक कृषि फर्म

**सुजाता थापा क्षेत्री**
**झुलेनी पोष्ट, प्यूठान**

सरुमारानी गाउँपालिका-२, दर्भानमा हाम्रो बहुउद्धश्यीय कृषि फर्म सञ्चालनमा आएको करिब ४ वर्ष पुग्यो। यो कृषि फर्म ५ जनाको साझेदारीमा सञ्चालनमा छ । लगानीकर्ता डण्ड गुरुङ्ग, गमानसिंङ गुरुङ्ग, केशर गुरुङ्ग (के.बि.) गरी ३ जना प्यूठानका र २ जना दाङका साझेदार रहेका छन । करिब २० लाख लगानीमा सञ्चालित फर्म ३५ रोपनी क्षेत्रफलमा फैलिएको छ । वडा नं.२, दर्भानमा २० रोपनी र वडा नं.१, को बाङ्गेसालमा १५ रोपनी जग्गा भाडा लिएको डण्ड गुरुङले बताए। उनका अनुसार फर्म स्थापना गर्न ऋण सापट लिएर सञ्चालन गरिएको हो ।



भारतबाट आयात गरिएको ताइवान पिंक प्रजातीको वर्षै भरी फल दिने बेलौती (अम्बा) र ड्राइगन फ्रुट यस फर्मको प्रमुख आम्दानीको स्रोत हो । फर्ममा मौषमी रुपमा लिची र आँप पनि उत्पादन हुँदै आएको छ । हाल सम्म ५ क्वीन्टल भन्दा बढी अम्बा र २ क्वीन्टल भन्दा बढी ड्राइगन फ्रुट निर्यात समेत गरीसकेको यस यस फर्मका सञ्चालकको भनाई छ । फर्मको मासिक आम्दानी औसत ६० हजार जति हुँदै आएको गमानसिंह गुरुङले बताए । यस बहुउदेश्यीय कृषि फर्मले फलफूल सहित कडकनाथ कुखुरा, टर्की, बट्टाई चरा पालन समेत गर्दै आइरहेको छ । यहाँबाट अण्डा र मासुका लागि दुबै बिक्रि हुँदै

बाँकी ६ पेजमा.....

### हाम्रो नजर

## बन्दले सर्वसाधारणलाई सास्ती



राष्ट्रिय जनमोर्चाका कार्यकर्ताहरुद्वारा बाग्दुला बजारमा सडक अवरुद्ध गर्दै ।

*सोमवार राष्ट्रिय जनमोर्चा लगायतका बाम घटक दलहरुले संसदबाट एमसीसी पास भएको बिरोधमा नेपाल बन्दको घोषणा गरे । नेपाल बन्दका कारण प्यूठान जिल्लामा पनि यसको प्रभाव पर्‍यो । नेपाल बन्द भन्ने बित्तिकै आम जनमानसमा नकरात्मक धारणा छा हुन पनि किन नहोस र पहुँचवाला कुदिरहेका हुन्छन सर्वसाधारण कुरीरहेका देखिन्छन्। सरकारलाई चुनौती दिन गरीने यस्ता बन्दले सरकारलाई नभई सर्वसाधारण मारमा पर्ने गरेका छन् । आखिर बन्द किन गरिन्छ ? नेपाली राजनीतिमा नेपाल बन्द एउटा थेगो जस्तो बनेको छ । राजनीतिक दलहरुमा सरकारमा हुँदा बन्द गर्नेहरुलाई दमन र धरपकड गर्ने, बन्द गर्न नदिने तर त्यहि राजनीतिक दलहरु सरकार बाहिर भए भने बन्द मात्र हैन महिनौं नाकाबन्द गराउन पनि पछि पर्दैनन् ।*

*राजनीतिक दलहरुले आफ्नो स्वार्थ पुर्तिका लागि नेपाल बन्दको घोषणा गर्ने प्रचलन नयाँ होइन । सोमवारको बन्दले सरकारी तवरका ब्यक्तिहरु बिभिन्न बाहानामा हिड्न पाएकै थिए । तर सार्वजनिक सवारी नचल्दा सर्वसाधारणलाई सवार गर्न कठिन बन्यो। बन्दका कारण दैनिक ज्याला मजदुरी गरेर खानेहरुलाई झनै समस्या हुन्छ । नेपाली राजनीतिमा बन्दको बिकल्प खोज्न जरुरी छ । सरकारको बिरोधका लागि बन्दको बिकल्प खोज्ने कहिले ? बन्द बाहेकका अन्य बिकल्प सहित सरकारको बिरोध गर्ने शैली बदल्ने हो की? नेपाल बन्द समस्याको समाधान होइन, सर्वसाधारणहरुका लागि सास्ति हो ? आखिर जनताले के बिगारेका थिए र ति सर्वसाधारणलाई धौ पुग्ने गरी नेपाल बन्द किन गर्ने ?*

## पदमार्ग बनाउँदै सारीका स्थानीय



प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत साबिक सारीका स्थानीय पर्यटन पदमार्ग बनाउँदै ।

स्वर्गद्वारी नगरपालिका ४, सारीका स्थानीयले यतिबेला ग्रामीण सडक बनाइरहेका छन् । प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत यिनीहरुले पर्यटन पदमार्ग निर्माण गर्न लागेका हुन् । दिनहुँ हिडडुल गर्ने यो ग्रामीण गोरेटो सडकमा सल्लेरी घारी हुँदा पैदल हिँड्न कठिन थियो । सल्लीपिरल पन्छाउँदै हिँड्नुपर्ने बाध्यताले यो सडक निर्माणका लागि ४ नं. वडा कार्यालयले छनौट गरेको हो । यहाँ १३ जना बेरोजगार स्थानीयले प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत काम पाएका छन् ।

यिनीहरुले दैनिक ५ सय ७७ का दरले १ सय दिन काम पाउने अध्यक्ष हिरामणी भण्डारीले बताए । यो सडक निर्माणले स्थानीयवासी लगायत सल्लेरी जंगल हुँदै पैदल हिँड्न सहज हुनेछ । अहिले कमेरीखोला देखि ने.रा.आ.वि. सम्म र थामदेखि साउनेपानी सम्मको सडक निर्मण भइरहेको छ । आफ्नो गाउँ आफै बनाउँ अभियान अन्तर्गत जिल्लाका अन्य ठाउँमा भन्दा यहाँ ग्रामीण कच्ची सडक निर्माणलाई तिब्रता दिइएको हो । आफै हिँड्ने बाटो मर्मत पनि हुने र गाउँमै काम गरेपछि रोजगार पनि पाइने भएकाले स्थानीयवासी खुसी देखिन्छन् ।

झुलेनी पोष्ट
सम्पादकीय....

## अवसरको नाङ्गोरुप एमसीसी

*अमेरिकी सहयोग परियोजना एमसीसी पास गराएर सत्ता गठबन्धन दलरुरुले अवसरवाद उदाङ्गो पारेका छन् । नेपालका राजनीतिदलहरु सत्ताका लागि जुनसुकै हदसम्म जान तयार रहेको कुरा एमसीसीले पुष्टि गरिदिएको छ । राजनीतिदलहरुकै कारण आज एमसीसीमा अमेरिका र चीन आमनेसामने हुने अवस्था पनि सिर्जना भएको छ । यो नेपाको लागि दुर्भाग्यपूर्ण हो । दलहरुको सत्ता स्वार्थका कारण आम नागरिकमा भएको देशप्रतिको भावनाको समेत अवमूल्यन भएको छ । अहिलेको सरकारले बाह्य शक्तिहरूमा समेत ठूलो असन्तुलन ल्याएको छ । नेपालको ऊर्जा र सडक पूर्वाधार विकासका लागि भएको ५०० मिलियन अमेरिकी डलर अनुदान सम्झौता सत्ता गठबन्धन र आमनागरिकबीच मात्र चर्चाको विषय थियो नै । यसलाइ सत्ताधार दलहरुले गिजोल्दै गएपछि साथमा नेपालको उत्तरी छिमेकी चीन र अमेरिकाबीचको 'भूराजनीतिक मुद्दा' पनि बन्न पुग्यो ।*

*२०७४ भदौ २९ मा नेपाल सरकार र एमसीसीबीच नेपालको ऊर्जा र सडक पूर्वाधार विकासका लागि एमसीसीसँग सम्झौता भएको थियो । उक्त सम्झौता हुनुअघि यसलाई लिएर चर्चासमेत भएको थिएन । पछि संसदमा दर्ता भएपछि एमसीसी सम्झौतालाई लिएर विवाद भएपछि तत्कालीन नेकपाले पूर्वप्रधानमन्त्री झलनाथ खनालको नेतृत्वमा कार्यदल बनायो । कार्यदलले संशोधन गरेर मात्र अघि बढ्नुपर्ने सुझाव दियो । त्यसपछि नेकपा नै फुट्यो । कांग्रेस सभापति शेरबहादुर देउवाको नेतृत्वमा पाँचदलीय गठबन्धनको सरकार बन्यो । गठबन्धन सरकारमा कांग्रेसले एमसीसी सम्झौतालाई अघि बढाउन चाहे पनि सुरुमा माओवादी केन्द्र र एकीकृत समाजवादीले विरोध गरे । तर, सम्झौता भएको लामो समयसम्म अनुमोदन हुन नसकेपछि अमेरिकाले त्यसबारे लगातार चासो राखिरह्यो । त्यसैलाई मध्यनजर गरेर असोज १३ मा प्रधानमन्त्री शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले पाँच महिना (फागुन १६) भित्र एमसीसी सम्झौतालाई संसद्बाट अनुमोदन गर्ने प्रतिबद्धता गर्दै पत्राचार नै गरेको कुरा खुल्यो ।*

*तर, सत्तारूढ दलबीचमै कुरा नमिलेको र सभामुख अग्निप्रसाद सापकोटाले समेत नचाहेपछि अनुमोदन प्रक्रिया अघि बढ्न सकेको थिएन । यस्तो अवस्थामा फागुन १५ गते सत्ता गठबन्धनका केहि नेताहरुले बिरोध गर्दै गर्दा एमसीसी अनुमोदन मतविभाजन नगरी ध्वनि मतको सहारामा पास गरिएको छ । एमसीसी जस्तो राष्ट्रघाती राष्ट्रलाई दीर्घकालीन रूपले महत्व राख्ने विषय जलझेल गरेर ध्वनिमतको आधारमा त्यसलाई पारित गर्ने काम अवस्य राम्रो होइन । अल्पमत बहुमतको विधिअनुसार मत विभाजन गरेको भए एमसीसीलाई विद्यमान अवस्थामा अनुमोदन गर्न सरकारलाइ मुस्किल पर्न सक्थ्यो ।*

# राजनीतिमा जवाफदेहिताको सवाल !



**हरीप्रसाद भण्डारी**

नेपालको संविधान २०७२ जारी भएर नयाँ संविधानले व्यवस्था गरेको राज्यको संरचना वमोजिम तीनतहको निर्वाचन सम्पन्न गरेर सरकारको पहिलो कार्यकालको उत्तरार्द्धमा छ । मानव समाजको विकासक्रम र राज्यको निर्माण सँगै राज्यशत्ता र राजनीतिमा सत्ताअभ्यासहरु हुदै आएका छन् । विश्वका विभिन्न देशहरुको आ आफ्नै राज्य निर्माणका विशेषताहरु रहेका छन्। यसै सन्दर्भमा नेपाल राज्यको निर्माणको आफ्नै ईतिहाँस, आधार र पक्षहरु रहेका छन् ।

वि.स. २१ को शताव्दिमा नेपालमा व्यवस्था परिवर्तनका विभिन्न आन्दोलनहरु चले । राणाशासनको विरुद्धको आन्दोलन, पञ्चायती व्यवस्था विरुद्धको आन्दोलन होस वा राजतन्त्र विरुद्धको आन्दोलनमा जनताको प्रत्यक्ष सहभागिता रहेको छ । आम जनताले आफ्नो अमुल्य जीवनको वलिदानी दिनुका साथै ठुलो त्याग गरेका छन् । तर, परिवर्तनपछि प्राप्त सवै व्यवस्थाहरुमा आम जनताको सन्तुष्टी पाईन्न । यसका विविध कारणहरुमध्ये राजनीतिमा जवाफदेहिताको विषय पनि मुल मुद्धा रहेको छ । राजनीतिमा आम जनताप्रतिको उत्तरदायित्व र जवाफदेहिताले मात्र व्यवस्थामा जनताको प्रत्यक्ष सहभागिता वृद्धी गर्दै व्यवस्थालाइ मजवुत वनाउन सक्छ ।

**राजनीतिक तहमा नखोजिएको जवाफदेहिता**:

लोकतन्त्रको आधारस्तम्भ नै शुसासन, पारदर्शिता र जवाफदेहिता हो । सुशासन र जवाफदेहिता कायम गर्न सरकारकाविभिन्नसंरचनाहरुक्रियाशिलछन् । प्रशासनिक अधिकारको प्रयोग, सरकारको वजेट कार्यन्वयन र कार्यसम्पादनको क्रममा सम्वन्धित निकाय वा तहले कायम गर्ने सुशासन र जवाफदेहिताको सवाल तिनिहरुको कार्यक्षेत्र हो । उद्यपी लोकतन्त्रलाई मजवुत वनाउन, शासन सञ्चालनको प्रक्रियामा जनसहभागिता कायम गर्न र जनउत्तरदायी शासन व्यवस्था निर्माण गर्न नितिनिर्माण तहको जवाफदेहिता कायम हुनु जरुरी छ । प्रशासनिक कार्यसम्पादन तथा सेवाप्रवाहको कार्यन्वयनको सन्दर्भमा जवाफदेहिता अवश्यै पनि जरुरी छ । यसका साथै राजनीतिक तहमा जवाफदेहिता कायम नहुँदासम्म आम व्यवस्था र व्यवस्थाका मुख्य वाहक राजनीतिक दलहरुप्रतिको विश्वासको अभिवृद्धी गर्न कठिन छ ।

लोकतन्त्रलाई मजवुत वनाउनका लागी हामिले राजनीतिक तहमा जवाफदेहिताको संस्कार विकास गर्नु जरुरी भईसकेको छ । लोकतन्त्रको मेरुदण्ड निर्वाचन हो । आवधिक निर्वाचनद्धारा निर्वाचित हुने जनप्रतिनिधीले मुलुकको शासन सत्ताको वागडोर सम्हाल्छन् । उनिहरुले कार्यकालको अवधिभरका लागि जनताको मतद्वारा अधिकार प्राप्त गरी त्यसको प्रयोग गर्दछन् । वहुदलमा आधारीत शासनप्रणाली रहेकाले नेपाल जस्तो देशमा दलगत सहभागितामा हुने निर्वाचनवाट राज्यसत्ताको वागडोर सम्हाल्नका लागि जनप्रतिनिधीहरु निर्वाचित हुन्छन् । निर्वाचनको क्रममा निस्चित आधार, प्रतिवद्धता र खाकाको आधारमा उम्मेद्वारहरुले मत माग्छन् । र, जनताले त्यसैको आधारमा निर्वाचित गरेर शासन सत्ताको वागडोर सञ्चालन गर्ने अधिकार सुम्पिएर पठाउँछन् । यसरी शासन सत्ताको बागडोरमा सर्वशक्तीमान वनाएर सार्वभौम जनताको हैसियतमा सिमित जनप्रतिनिधीहरुलाई सर्वाधिकार सुम्पिरहदा आम जनताले उनिहरुको काँधमा निस्चित जिम्मेवारी, आशा, अभिलासाहरु छोडेका हुन्छन् । ति जिम्मेवारीहरु कति सम्वन्धित दल र उम्मेद्वारको घोषणवाट श्रृजित हुन्छन त, कति आम जनताका माग र आवश्यकतावाट श्रृजित हुन्छन् । यिनै जिम्मेवारी र प्रतिवद्धताप्रतिको उत्तरदायित्व र जवाफदेहिता पूर्णरुपमा कायम रह्यो भने दलिय व्यवस्थामा विश्वास हुनुका साथै लोकतन्त्रसमेत मजवुत हुन्छ ।

हाम्रो मुलुकमा हालसम्म राजनीतिक दल वा उम्मेद्वारले निर्वाचनको समयमा गरेका प्रतिवद्धताहरु उक्त दल वा प्रतिनिधी निर्वाचित भईसकेपछी राष्ट र जनताप्रति दायित्वका रुपमा रहन्छन भन्ने अवधारण र ति दायित्वहरु पुरा गर्ने कुनै संयन्त्रको विकास भएको छैन । दलगत व्यवस्थासम्वन्धि अभिलेख, दर्ता तथा नियमन गर्ने निकाय निर्वाचन आयोग छ। आयोगले निर्वाचन, दलदर्ता, विधिगत कार्यहरुवाहेक अरु जिम्मेवारी वहन गर्दैन । यसर्थ आजपनी राजनीतिक दल, राजनीतिकर्मी र जनप्रतिनिधिमाथी अविश्वास वढ्नुको पछाडिको मुख्य कारण भनेको राजनीतिक जवाफदेहिताकै प्रश्न हो । प्रशासनिक कार्यसम्पादनमा मात्र केन्द्रीत रहेको हाम्रो सुशासन सम्वन्धि सोँच, दृष्टिकोण र निर्मित संरचनालाई यस सवालमा केन्द्रीत गरिनुपर्दछ वा राजनीतिक दल वा जनप्रतिनिधीले आवधिक निर्वाचनको क्रममा गरेका प्रतिवद्धताहरुप्रति उनिहरुको कार्यकालभर उत्तरदायि र जवाफदेहि वनाउनका लागि विशेष संरचनागत व्यवस्था गरिनु पर्दछ । दल र उम्मेद्वारका चुनावि घोषणापत्रहरु फगत घोषणापत्र मात्र वन्ने संस्कार र बिवसताको अन्त्यका लागि एवं प्रतिवद्धताहरुमाथि विश्वास गरेर आम नागरिकले मतदान गर्ने विश्वसनिय वातावरण निर्माणका लागी दल र उम्मेद्वारका प्रतिवद्धताहरु उनिहरुका आम जनता, मतदाता र राष्ट्रप्रतिको दायित्वको रुपमा रहनुपर्दछ ।

हामिले पटक पटक व्यवस्था विरुद्धका आन्दोलनहरु सञ्चालन गरेर आजको व्यवस्था ल्याएका छौं । विभिन्न समय र कालखण्डको संघर्षले शासन सञ्चालनको प्रणालि वदलिएको छ । यद्यपी ७ दशकदेखी अधिकाँस पात्रहरु राजनीति र राज्यसञ्चालनको मुल प्रक्रियामा दोहोरीरहेका छन् । विश्वमै उन्नत सावित गर्न खोजिएको वहुदलमा आधारीत लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालिमा कैयन समस्याहरु छन् त्यसवारेमा अन्य प्रसंगमा नै चर्चा गरौला । यद्यपी यो व्यवस्थालाई मजवुत, जनअपेक्षित र सुदृढ रुपमा कार्यन्वयन गर्न नसक्नु यस्को कार्यन्वयनको पद्धतिमा रहेका कमि कमजोरीहरुलाई मुल रुपमा लिनुपर्दछ। लोकतन्त्रप्रति जनताको विश्वासलाई दिगो राख्नका लागी राजनीतिक दल र उम्मेद्वारहरुप्रतिको विश्वासको जग वलियो वनाउनुको विकल्प छैन् । त्यसका लागि राजनीतिक तहमा जवाफदेहिता कायम हुनु पर्दछ । त्यो जवाफदेहिता भनेको राजनीतिक दल र उम्मेद्वारले गरेका प्रतिवद्धताहरु माथिको जवाफदेहिताको सवाल हो । जस्ले निर्वाचनको लागि असान्दर्भिक, असंभव र अनावश्यक स्वेरकल्पनाका आश्वासनहरु वाड्ने प्रचलनहरुको न्युनिकरण गर्न सकिन्छ भने आफ्ना प्रतिवद्धताहरुप्रति नितिनिर्माण तहका नेतृत्वकर्ताहरुको विश्वसनियता मजवुत वनाउन सकिन्छ ।

लोकतन्त्रलाई वलियो वनाउन, जनप्रतिनिधी र सरकारलाई जनउत्तरदायी वनाउन एवं राजनीतिक दलहरुलाई विधिको विरासतमा डोर्याउनका लागि राजनीतिक तहको उत्तरदायित्व एवं जवाफदेहिता कायम गरिनु जरुरी छ। सुशासन र जवाफदेहिता सम्वन्धि हाम्रो वुझाई र प्रणालिमा रहेको प्रशासनिक क्षेत्रको जवाफदेहिताभन्दा माथि उठेर राजनीतिक तहको जवाफदेहिताको खोजि गरीनु आजको मुल आवश्यकता वनेको छ । के हामिले हाम्रा जनप्रतिनिधिहरुका प्रतिवद्धतापत्रमाथी विश्वास गर्यौं ? गरेनौं भने किन गरेनौं ? हामिले प्रतिवद्धताको अवस्थावारे जवाफ माग्यौं ? राजनीतिक दल र प्रतिनिधीहरु आफ्ना घोषणा र प्रतिवद्धताप्रति उत्तरदायी वने ? उनिहरुको घोषणा, प्रतिवद्धता र आश्वासनहरुको कार्यन्वयन र जवाफदेहीता नै मुल आवश्यकता हो । राजनीति गर्नेहरुले जुनवेला जे वोलेपनि हुने, जे आश्वासन दिएपनि हुने, घोषणापत्रमा जे लेखेपनि हुने र काम गर्नुपर्ने विधि र दायित्वमा नवाँधिने हो भने राजनीतिप्रतिको अविश्वास गुणात्मक रुपमा वृद्धी हुदै जान्छा राजनीतिकर्मी भनेको मुलुकका भविश्य निर्माता हुन् । राजनीतिकर्मी गतिलो नहुनु र उनिहरुप्रति आम जनताको विश्वास नहुनुभन्दा ठुलो राज्यको संकट केही हुन सक्तैन । राजनीतिक दल र उम्मेद्वार हरुको घोषणा र प्रतिवद्धतामाथिको उत्तरदायित्व र जवाफदेहिता कायम राख्नका लागि अव राज्यमा विशेष निकायको व्यवस्था गरिनुपर्छ । संवैधानिक निकायकै हैसियतमा सर्वाधिकारसम्पन्न उक्त संयन्त्रलाई शक्तिसाली वनाईयो भने दल र राजनीतिकर्मीको विश्वसनियता वृद्धी गर्नाका साथै व्यवस्थालाई मजवुत वनाउदछ । कुनै दल र उम्मेद्वारले आवधिक निर्वाचनका लागि दल र उम्मेद्वारी दर्तासँगै आफ्ना घोषणा र प्रतिवद्धताहरु समेत दर्ता गर्ने, ति घोषणा र प्रतिवद्धताहरुप्रति उनिहरुलाई जवाफदेही वनाउने र त्यसको नियमन समेत गर्ने विधिको विकास आजको मुल आवश्यकता हो ।

## धोका दिनेलाई के भनौं र खोइ ?

# लिभिङ टुगेदर र फ्री सेक्सको बहसमा नेपाली समाज





अरुण बराल

पत्रकारिता भनेको फगत राजनीतिक परिघटनाको वर्णन मात्र होइन। पत्रकारिताले समाजका सबै खाले बहस र अवयवहरूलाई समेट्न सक्नुपर्छ। समाजमात्र होइन, वातावरण र भूगोल पनि पत्रकारिताको विषयवस्तुभित्रै पर्छ । यही परिधिलाई मध्यनजर गर्दै यहाँ नेपाली समाजमा चल्न थालेको 'यौन स्वतन्त्रता भर्सेस अनुशासन' का विषयमा थोरै बहस गर्ने प्रयास गरिएको छ।

हालै प्रतिनिधिसभाको संसदीय समितिमा लिभिङ टुगेदरका विषयमा छलफल चल्यो । काठमाडौँलगायतका सहरमा पश्चिमी देशमा जस्तै विवाहपूर्व महिला-पुरुष लिभिङ टुगेदरमा बस्न थालेका घटना बढेका छन् । लिभिङ टुगेदरमा बसेपछि शारीरिक सम्बन्ध त हुने नै भयो, कतिपयबाट जायजन्मसमेत हुने तर बिहे नगरी पुरुषहरूले महिलालाई छाडिदिएका घटना बढ्न थालेपछि यसबारे कानुनको आवश्यकता विधायकहरूले महसुस गर्न थालेको देखिन्छ।

नेपालमा अहिलेसम्म लिभिङ टुगेदरले कानुनी मान्यता पाएको छैन । आपसी विवाहको बन्धनमा नबाँधिएका महिला र पुरुष सँगै बस्ने उनीहरूको स्वतन्त्रता भएता पनि मन नमिलेर छुटिएको स्थितिमा महिलाले आफू पीडित भएको वा धोका खाएको महसुस गर्नु पूर्वीय समाजमा स्वाभाविकै हो । लिभिङ टुगेदरमा बसेर जतिसुकै आधुनिक देखिन खोजे पनि पश्चिमी सभ्यताको गहिराइमा नेपाली समाज पुगिसकेको छैन।

लिभिङ टुगेदरमा बसेको पार्टनरले छाड्दा 'धोका' पाएको महसुस गर्नु वास्तवमा लिभिङ टुगेदर हो कि हैन ? लिभिङ टुगेदरमा बसिसकेपछि बिहे गर्नैपर्ने बाध्यता हुन्छ कि हुँदैन ? बिहे गर्नैपर्ने बाध्यकारी हो भने शुरुमै बिहे गरे भैहाल्यो नि, किन कथित लिभिङ टुगेदरमा बस्ने ? बिहे नगरी लिभिङ टुगेदरमा बसिसकेपछि छुटिन्न पाइन्छ कि पाइन्न ? लिभिङ टुगेदरमा बसेर छुट्टिन चाहनेले निःशुल्क फुर्सद पाउँछ कि क्षतिपूर्ति तिर्नुपर्छ? यस्ता तमाम प्रश्नहरूको जवाफका लागि हाम्रो पारिवारिक कानुनले बोल्नै पर्ने अवस्था आइसकेको छ । यसअर्थमा संसदीय समितिमा 'लिभिङ टुगेदर' बारे कानुनी आवश्यकताका सन्दर्भमा भएको छलफल अति सह्रानीय छ। यस विषयमा संसदीय समितिमा मात्र होइन, राष्ट्रिय रूपमै खुल्ला छलफल र बहस जरुरी छ।

### धोका दिनेलाई के भनौं र खोइ ?

केही वर्षअघि एक किशोरीले यस पङ्क्तिकारलाई फोन गरेर भेट्ने आग्रह गरिन्। बानेश्वरको एक कफीसपमा हाम्रो भेट भयो। उनीसँग मेरो पुरानै परिचय थियो। उनी बाहिरी जिल्लाबाट आएर काठमाडौँमा कलेज पढ्दै थिइन् । आर्थिक अवस्था कमजोर थिएन, बुबाआमाले नै पढाइ खर्च व्यहोरिरहेका थिए । उनले आफ्नो तीन-चार वर्ष लामो प्रेम सम्बन्धमा आएको 'ब्रेकअप' बारे एक पत्रकारको नाताले यस पङ्क्तिकारलाई सुनाउन र 'धोकेबाज'का विरुद्ध समाचार छपाउन चाहेकी रहिछन् । उसमाथि कुनै कानुनी कारबाही गर्न सकिन्छ कि भन्ने पनि उनलाई लागेको रहेछ । केटाले 'ब्रेकअप' दिएको झोँक र आवेगमा उसको जीवन बर्बाद पारिदिने, अरूसँग हुने बिहे भाँडिदिने इत्यादि त किशोरीलाई लाग्ने नै भयो।

यो पङ्क्तिकारले उनलाई सम्झाउने प्रयास गर्‍यो । तिमीहरूबीच धेरै वर्षको प्रेम सम्बन्ध रहेछ । प्रेममा बदला हुँदैन, त्याग हुन्छ। अहिले उसले तिमीलाई प्रेम गर्न छाड्यो भने पनि तिमीले बदला लिनु उपयुक्त हुँदैन, उसलाई बाई भन्नु र आफ्नो नयाँ जीवनको सुरुआत गर्नु नै प्रेमको नियम हो । किनभने, उसले तिमीलाई बलात्कार गरेको हैन, तिमीहरू राजीखुशीमै एक आपसमा प्रेममा परेका रहेछौ । किशोरीले आपत्ति जनाइन्। मजस्ती गाउँबाट अनेकन सपनाहरू बोकेर सहरमा आएकी केटीलाई प्रेमको बहानामा तीन-चार वर्षसम्म 'युज' गरेर अहिले यसरी छाड्न मिल्छ ? मेरो यौवन, घरबाट आमाबुवाले पठाएको पढाइ खर्च अनि मेरा सपनाहरू सबै भोग गरेर अहिले धोका दिन मिल्छ ? अनि अहिले बाबुआमाले खोजिदिएकी केटी खोजेर स्वाट्टै अस्ट्रेलिया भाग्न मिल्छ ? के उसबाट ममाथि अन्याय भएन ? प्रेमका नाममा यसरी नारीमाथि अन्याय र अत्याचार गर्न पाइन्छ ? उसले नियोजितरुपमै मलाई 'युज' गरेको रहेछ। गाउँबाट आएकी मजस्ती 'टीन एज'की केटीको मानसिक कमजोरीबाट त्यसले फाइदा उठायो । मेरो कुमारित्व लुट्यो। मेरो पैसासमेत खाइदियो। जीवन बर्बाद पारिदियो र अहिले ऊ नयाँ केटीसँग बिहे गरेर अस्ट्रेलिया जान लागेको छ।

उनका अनगिन्ती प्रश्नैप्रश्नभित्रबाट एउटा कानुन मिश्रित प्रश्न झर्‍यो- हामीजस्ता सोझी केटीहरूलाई गहिरो प्रेमजालमा फसाएर धोका दिने कथित मर्दहरूलाई कारबाही गर्ने कुनै कानुन नेपालमा छैन ? कि नारीहरूको कमजोर मनको फाइदा उठाउँदै प्रेमका नाममा जति पनि यौन शोषण गर्न पाइन्छ ?

### फ्री सेक्सको बहस र महिलाको विशेष अधिकार

अहिले सामाजिक सञ्जालमा चलेको बहसलाई हेर्दा नेपाली समाजमा 'फ्री सेक्स' अर्थात् यौन स्वच्छन्दतासम्बन्धी बहस निकै चर्कने गरेको देखिन्छ। कोही दुई व्यक्तिबीच विवाहेत्तर यौन सम्बन्धको घटना बाहिर आयो भने समाजमा यस्तैखालका अन्तर्विरोधी प्रतिक्रिया आउने गर्दछन्–
दुई जनाको मन मिलेपछि फरक पर्दैन, अरूलाई किन चासो ? मन मिलुञ्जेल चमत्कार, नमिलेपछि बलात्कार ? केटो त बोको नै रहेछ, मेरो नजरबाट त्यो गिर्‍यो । केटी पनि उस्तै हो, पहिले आफ्नै सहमतिमा सम्बन्धी राखी, अहिले अन्याय भयो भन्छे। पैसाका लागि आरोप लगाएको हुनुपर्छ । पुरुषले नारीमाथि हिंसा गरेकै हो, यस्ताको लिङ्ग काटिदिनुपर्छ । त्यस्तालाई मी टू मा जाक्नुपर्छ । दुई जनाको सहमतिमा राखिएको सम्बन्ध जायजै हुन्छ। आवेगमा त्यस्तो हुन गएछ, सरी भनेपछि त सक्किगो नि। आदि-इत्यादि।

विवाहभन्दा पर्तिरको यौनसम्बन्धबारे आउने यस्ता प्रतिक्रियाबाट के बुझ्न सकिन्छ भने 'फ्री सेक्स' को बहसलाई नेपाली समाजले समान नजरले हेर्दैन । यसबारे समाजमा फरक बुझाइहरू छन् । यसमा कतिपय बुझाइहरू पुरुषवादी अर्थात् पितृसत्तावादी प्रकृतिका देखिन्छन्। महिलामाथि भएको शोषणलाई सामान्य घटनाका रूपमा सम्झने कमजोरी पुरुषवादीहरूमा पाइन्छ । उता, महिला अधिकारकर्मीहरूले भने यो विषयलाई सामान्य रूपमा नलिएर महिला हिंसाका रूपमा लिने गरेको पाइन्छ, जसलाई पुरुषवादी सोचाइभन्दा धेरै नै न्यायपरक र वस्तुपरक मान्न सकिन्छ। किनभने, यौनको मामिला पुरुषभन्दा महिलाका लागि बढी संवेदनशील विषय हो, दुई कारणले- एक नेपाली समाजको विशिष्टता । दुई- महिलाको शारीरिक विशिष्टता।


नेपाली समाज महिलाका लागि बढी नै सरोकार र चासो राख्ने रुढीवादी समाज हो। दोस्रो : दुई जनाको यौन सम्बन्धमा तेस्रो पक्ष (जायजन्म) को विषय पनि जोडिएर आउँछ । यसकारण यो विषय महिलाको शारीरिक दायित्व र अधिकारसँग बढी जोडिन जान्छ। यसकारण यौनसम्बन्धको विषयमा पुरुषलाई भन्दा महिलालाई बढी अधिकार र कानुनी संरक्षणको आवश्यकता पर्दछ । यो मामिलामा पुरुषहरूले आफूलाई श्रेष्ठ वा महिलासँग बराबर ठान्नै मिल्दैन । यसमा महिलालाई पुरुषको भन्दा बढी संरक्षण, सुरक्षा र आत्म निर्णयको अधिकार चाहिन्छ। महिला-पुरुषबीचको समानता निरपेक्ष हुँदैन, सापेक्ष हुन्छ, हुनुपर्छ।

### स्थूल कानुन र परिवर्तित समाजको द्वन्द्व

खुसी प्राप्त गर्नका लागि मानिसले आफ्नो जीवनलाई जटिल हैन, सरल बनाउनुपर्छ। जीवनलाई जति सरल ढंगबाट बुझिन्छ, त्यति नै खुसी प्राप्त हुन्छ। जीवनलाई जस्तै सम्बन्धहरूलाई पनि सरल ढंगबाटै बुझ्न सकियो भने यसबारे धेरै बहस र माथापच्ची गरिराख्नु पर्दैन।

समाधान सरल छ- कानुनले गर्नु भनेको काम गर्ने । कानुनले गर्नुहुँदैन भनेको विषयमा हात नहाल्ने । जब कानुन सचिन्छ र त्यस्तो व्यवहारले वैधता प्राप्त गर्दछ, त्यसपछि मात्रै त्यस्तो कार्य गरे हुन्छ। जस्तो- लिभिङ टुगेदरले जब कानुनी मान्यता प्राप्त गर्छ, त्यसपछि बस्न सकिन्छ। कानुनले दिँदैन भने प्रेमपछि विवाह, विवाहपछि यौनसम्बन्धको नीति अपनाए कुनै तनाव व्यहोर्नुपर्दैन।

हाम्रो कानुनले विवाहका लागि निश्चित उमेर तोकेकै छ । त्यसमाथि दायाँ-बायाँ गर्दा कानुनी समस्या आउँछ । कसैसँग जबरजस्ती करणी गर्न पाइँदैन र कसैलाई हिंसाजन्य व्यवहार गर्न पाइँदैन भनेर कानुनले स्पष्टरुपमा भनेकै छ । त्यसलाई उल्लङ्घन गर्दा जिन्दगीमा धेरै मानिसहरूले तनाव भोग्नुपर्ने हुन्छ । 'फ्री सेक्स' अथवा सहमतिमा गरिने यौन सम्बन्धको बहस गर्दै गर्दा हामीले के कुरा बिर्सन हुँदैन भने मुलुकी अपराध संहिता ऐन २०७४ को दफा २१९ ले १८ वर्षभन्दा कम उमेरकी बालिकालाई मञ्जुरी लिएरै भए पनि करणी गरेमा जबर जस्ती करण (बलात्कार) ठहरिने स्पष्ट व्यवस्था गरेको छ।



परिच्छेद-१८

करणी सम्बन्धी कसूर

२१९. जवर्जस्ती करणी गर्न नहुने : (१) कसैले जवर्जस्ती करणी गर्न हुँदैन।

(२) कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जवर्जस्ती करणी गरेको मानिनेछ।

स्पष्टीकरण : यस परिच्छेदको प्रयोजनको लागि :

(क) करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी वा शरीर बन्धक लिई लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन,

(ख) होस ठेगानमा नरहेको अवस्थामा लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन,

**नगरपालिकावासिलाई अनुरोध**

लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं । वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिबद्ध बनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । नगरपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

**अनुरोधक :**
**स्वर्गद्वारी नगरपालिका, भिंगृ प्यूठान**

झुलेनी युनाइटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

## मुक्तक

॥१॥

हेर हामी टाढा-टाढा हरदम भएर ।
जस्तै आकाश अनि पातल भएर ।
तिमी र म एक अर्काको परिपुरक,
सकिँदैन होला जिउँन अलग भएर ।

॥२॥

सकेन जिन्दगी, जिन्दगी हुन निर्माण गरौं ।
ति सफलताको शिखर छुन, निर्माण गरौं ।
बिगतलाई भुलि नयाँ आशाको बीज रोपि,
तिमी आउ हाम्रो जिन्दगी पुनः निर्माण गरौं ।

॥३॥

लाग्थ्यो कुरा मिल्छ मन मिल्छ भ्रममा रहेछु ।
उनी पाए पृथक जीवन मिल्छ भ्रममा रहेछु ।
हरेक क्षण उनको अनुपम मायाँ सधैं भरी,
म भने सौंची रहें कन्चन मिल्छ, भ्रममा रहेछु ।



**समर्पण आर.बि. मगर**
*प्यूठान नगरपालिका ५, जुम्रीकााडा, हाल भारत*

## गजल

पसिनाका धारा बगाएर बाँच्नु रहेछ जीवन,
हरेक ठाउमा संघर्ष गरेर बाँच्नु रहेछ जीवन ।

वर्षायामको भेलजस्तै ठोकिएर ठाउँ-ठाउँमा,
आखिर चोटहरु समाल्दै राख्नु रहेछ जीवन ।

चैतयामको हुरिजस्तै पहाड संघ जुधेर पनि,
हरेक पलका गन्तव्यलाई भाक्नु रहेछ जीवन ।

भित्री मनका युद्धहरु लडाएर आफ्नै साथमा,
तरकारीको नुन जस्तै चाख्नु रहेछ जीवन ।

जिम्मेवारी बोकी-बोकी हातका ठेला फुटाएर,
रेस बिनाको रथ जस्तै हाँक्नु रहेछ जीवन ।

पिडाहरु लुकाएर खुशी खोजेर हिँड्दा पनि,
सम्झनामा कसैको लागि साँच्नु रहेछ जीवन ।

अनगिन्ती खुशीहरु बोकेर सिँढी चढ्नु पर्दा,
दोबाटोमै अर्कैसँग नाता गाँस्नु रहेछ जीवन ।

कहिले दुःख कहिले सुख संसारको हेरिहेरि,
आँसु धारा बगे पनि पुछेर हाँस्नु रहेछ जीवन ।

अस्ताएको साँझ जस्तै डुबेर जाँदा पनि,
माला लगाएर भित्ता माथी टास्नु रहेछ जीवन ।

बाचुन्जेल तेरि मेरि हरेक संघ गरेर दुस्मनी,
आखिर आगो माथी पोलेर मास्नु रहेछ जीवन ।



**गिर बहादुर के.सी.(बिरही)**
*गौमुखी गा.पा -६ लिवाङ्, प्यूठान हाल दुबई*

## गजल

जिन्दगी यो यात्रा हो ! चलिरहन्छ,
हुँदासम्म दियोमा तेल, बलिरहन्छ ।

गर्नुपर्छ सुकर्म, सत्मार्गमा लागेर,
कुकर्म गर्यौं भने ! सुखले छलिरहन्छ ।

बैंसमा हो । बलपरान देखाउने सबैले,
बुढेसकालमा ज्यान तेसै गलिरहन्छ ।

गर्यौं भने हेरचाह बोट-बिरुवाको सधैं,
भने जस्तो राम्रो फल फलिरहन्छ ।

न आगो छ न दाउरा छ, यो मुटुमा,
फेरी पनि बेला-बेलामा जलिरहन्छ ।



**रबिन श्रीपाली**
*गौमुखी गा.पा -६ लिवाङ्, प्यूठान हाल भारत*

## गजल

मेरा ती बलेन्द्री धारा आँसु खहरे भेल लाग्यो ।
म प्रदेसी भै घरमा खुल्ला छोड्नु जेल लाग्यो ।

खुल्ला मनले स्वतन्त्र चरी झै उड्न दिएकै थिए,
साना छोराछोरीलाई पकाइ खुवाउनु नेल लाग्यो ।

पसिनाको सहि मुल्य नपाए पनि दुखी भैन कत्ती,
खुसी परिवारको सपना कौवालाई बेल लाग्यो ।

भौतिक दुरि टाढा भए पनि धड्कन एउटै संझन्थ्ये,
दृढ विश्वासको संकल्प बच्पनाको खेल लाग्यो ।

बेला बेला सम्झाउथें कतै बहकी जान्छौकी भन्दै,
आदर्श र सद्भाव बन्धन भुमरिको ठेल लाग्यो ।



**निम बहादुर शाही (रातोमुला)**
*ऐरावती गा.पा. ३ ददेरिपाटा प्युठान, हाल साउदी अरब*

# परिभाषा

बितेका ६ वर्ष र अरु केही समयसम्म म र मेरा पाइला निरन्तर बढिर हेछन्, महालक्ष्मी हुँदै पाटन अस्पताल । आफु हिँडिरहँदा आँखा भने डुलिरहन्छ अघिपछी, दायाँ बायाँ र तलमाथि। आँखाले धेरै राम्रा-नराम्रा, मिठा-नमिठा वस्तु देखैं, व्यक्ति देखैं। केही यादमा छन् त धेरै बिर्सि पनि सकें । यादमा भएकाहरु नि बिस्तारै गोधुली साँझमा सूर्यको प्रकाश हराएझैं हराउँदै छन् । तर बिर्सन नसकिने या भनौ बिर्सन कोशिस गरेरै पनि याद आउने केही तस्वीर आँखा अगाडी डुलि रहन्छन् ।

मन्दिर अघिको सडकपेटी छेउमा एक अधबैसे महिलालाई देख्छु निरन्तर केही महिनादेखि । लट्टा परेको कपाल, उदास अनुहार, सेतो साडी, सानो झोला, छेउमा केही पुराना भाँडाकुडा जो कहिल्यै परिवर्तन भएनन् । परिवर्तन भयो त उनले बोरा बिछ्याएर बेच्न राखेको केही तरकारी र फलफुल । ती तरकारी र फल पनि उनी जस्तै छन् ओइलाएका । मलाई कतिपटक सोधौंझैं लाग्छ कि उनी को हुन्, कहाँबाट यहाँ आइपुगिन् । उनको यो स्वरुप पछाडिको कथा व्यथा । तर अहँ मलाई त जहिल्यै हतार भइरहने । उनको कथा अड्कल गर्न समय भयो तर एक वचन सोध्न समय मिलेन । बानी न हो आफुमाथि हाबी हुने । म कहाँ अछुतो रहुँला र ।

उनको सेतो सारी सेतोभन्दा बढी कालो थियो । सडकपेटीको धुलो धुवाँले । उनले त्यो सारी किन लगाइन् होला ? तपाईं र मेरो उत्तर एउटै हो । उत्तर त के भनौं हामीले गरेको अन्दाज । के साँच्चै पहिरनले मानिसको व्यक्तित्वलाई झल्काउँछ ? हामीले लगाएको पोसाकको परिभाषा सधैं एकैनासको हुन्छ ?

यदि हुन्छ भने मलाई यो जवाफ दिनुहोस् कि अस्पतालमा नर्सले लगाउने सेतो सारी, मन्दिरमा पुजारीले लगाउने सेतो धोतीको अन्तर के ? हो यहाँ एकै



**डा. दिपेन्द्र जंग शाही**

पहिरन व्यक्ति, लिङ्ग, भाषा, धर्म, पेसा, ठाउँ अनुसार फरक हुन्छ र यो पनि हुन सक्ला कि कोही त्यही पहिरनमा गर्व महसुस गर्लान र कोहीलाई त्यही पहिरनले पिरोली रहला । उनलाई त्यो पहिरनले के महसुस हुन्छ थाहा छैन तर मेरो र तपाईंको अनुमान फेरि पनि एकै हो । कुनै दिन उनलाई मैले भेटुँला या नभेटुँला तर भेटेछु भने यो आशा गर्छु कि उनको पहिरनको परिभाषा बदलिएको होस।

# धेरै जान्ने हुने होइन ब्रो, हामी पनि त पैसा तिरेर बस चढेको हो

सार्वजनिक यातायात सवार गर्ने क्रममा म बुटवलदेखि प्युठान जाँदै गर्दा भालुबाङबाट बाग्दुला जानको लागि बृद्ध बाबुआमाको जोडी बसभित्र प्रवेश गर्नुभयो। बसमा पनि मानिसको निकै नै चाप थियो । म पनि पछाडि उभिरहेको थिएँ । ती वृद्ध बुबाआमालाई निहालिरहेको थिएँ। मेरो मन सोचिरहेको थियो दुःख पाउने भए वृद्धले कसरी जालान ! बस भित्रको चाप उत्ति नै । यात्रा गर्दै जाँदा एउटा मोडमा जीप आएकोले ड्राइभरले ब्रेक लगाउँदा हामी पछाडि उभिएका लड्यौं तर हामीलाई कुनै चोट लागेन । तर अगाडि उभिनु भएका बुढा बा आमा एक अर्काको हात समात्दै उभिनु भएको थियो । उहाँहरू क्याबिनको ढोकामा ठोक्किन पुग्नुभयो । उहाँहरूलाई चोट त लागेन तर वृद्ध बा-आमाले दुखाइको महसुस चाहिँ गरिरहनु भएको महसुस भयो मलाई। पछाडिबाट मैले हेरिरहेको थिएँ। चोटको महसुससँगै एक अर्काको आँखा हेरिरहनु भएको थियो । उहाँहरूको अनुहार हेर्दा मलिनो देखिएको थियो । युवाहरू सिटमा बसिरहेका थिए तर ती वृद्धको कुनै मतलब थिएन । यदि म सिटमा बसेको हुने थिएँ भने वृद्ध बा आमालाई सिट छोडिसकेको हुने थिएँ किनकि मानवताको विषय थियो । मेरो मनले मानेन र वृद्ध बा-आमाको नजिक पुग्ने कोसिस गरेर नजिकैको सिटमा एक जना युवा मोबाइल चलाउँदै बस्नुभएको रहेछ। हेर्दा पढेकोजस्तो देखिनु हुन्थ्यो । त्यही सिटको पछाडि दुई जना युवायुवती बस्नु भएको थियो । मैले मोबाइल चलाइरहेको दाजुलाई नरम शैलीमा 'हेर्नु दाजु वृद्ध बा-आमाले कति दुःख पाउनुभयो। बरू हजुरको सिटमा मिलाएर राखौं न हुन्न र ? हामी त बरू उभिएर भए पनि यात्रा गर्न सक्छौं ! युवा हौं समस्या सहन सक्छौं' भन्दै कुरा गरे। ती युवाले भने- सबै जना उभिएका छन् त भाइ? कसैले केही भनेका छैनन! अरूले सिट छोडे पनि त हुन्छ हामीले छोड्नुपर्छ भन्ने के छ र ? केही समयपछि उहाँले ठाडो शैलीमा भन्नुभयो- धेरै जान्ने हुने होइन ब्रो! हामी पनि त पैसा तिरेर बस चढेको हो नि त? हामी पनि लामो यात्रा गरिरहेका छौं। मैले कुराकानी गरिरहेको पछाडिबाट एक जना बुवाले सुन्नुभएछ र बुवाले भन्नुभयो- बाबु मेरो सिटमा राखौं न वृद्ध बाआमालाई सजिलो हुन्छ भन्दै उभिनु भयो र हामीले वृद्ध बाआमालाई सिटमा राख्यौं । तर हाम्रो समाजको संस्कार कता गहिरहेको छ । म रनभुल्ल छु । त्यहाँ पैसाको भन्दा पनि मानवता कुरा थियो । बाल्यकालदेखि नै शिक्षाले भन्दै आएको थियो कि ठूलालाई आदर, संस्कार र सानोलाई माया गर्नुपर्छ तर



**नरेन्द्र ज्ञवाली**

त्यही सामान्य वाक्य युवामा लागु हुन सक्दैन भने नेपालको शिक्षा प्रणालीले युवालाई कुन दिशातिर लगिरहेको छ । समस्या ती युवकको मात्र होइन हामी सार्वजनिक यातायात सवार गर्ने क्रममा धेरै ठाउँमा देखेका छौं । हामीले पनि वृद्ध वा कुनै पनि अशक्त व्यक्ति यातायात गर्ने क्रममा उभाएर हामी सिटमा बसेका छौं । हामीले आफ्नो बानी सुधार गर्न एकदमै जरूरी देखिन्छ । हामीबाट सिक्ने पछिको पिँढीले कस्तो संस्कार पाउँछ होला तपाईं आफैं भन्नुस? हामी मानिस भएपछि मानवता देखाउन जरूरी छ । किनकि हामी मान्छेले मान्छेलाई चिन्न सक्दैनौं भने हामी मानवता हुनुको कुनै औचित्य छैन ।

## गाउँपालिका वासिलाई अनुरोध

लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं । वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध वनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । गाउँ पालिका बाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

**अनुरोधक : ऐरावती गाउँपालिका, बरौंला प्यूठान**

# फलफूल तरकारी आयातमा भन्दा उत्पादनमा जोड

**झुलेनी पोष्ट**
**प्यूठान**

फलफूल तथा तरकारी उत्पादन सहित उत्पादित सामग्रि बिक्रिका लागि बजारीकरणमा सहयोग गर्न एक कार्यक्रमका सहभागीहरुले जोड दिएका छन् । प्यूठान जिल्ला कृषि खेतीमा आत्मनिर्भर बन्न सक्ने वातावरण भएपनि बजारीकरणको समस्याले आफूहरु सोचे अनुरुप कार्य गर्न नसकेको कृषकहरुको गुनासो थियो। फलफूल तथा तरकारी व्यवसायी संघ प्यूठानको पाँचौ साधारण सभा तथा दोस्रो अधिवेशनका अवसरमा आज विजुवारमा आयोजित कार्यक्रमका सहभागीहरुले यस्तो बताएका हुन् ।

कृषी खेतीमा लाग्ने कृषकहरुलाई स्थानीय तह लगायत सरोकारवाला निकायबाट अनुदानका कार्यक्रम र बजारीकरणमा सहयोग नपाएको बताएका छन् । जिल्लामा उत्पादनमा भएको फलफुल तथा तरकारी प्रयाप्त नहुँदा आफूहरुले जिल्ला बाहिरबाट ल्याउनुपर्ने बाध्यता रहेको उनीहरुले बाध्यता सुनाएका छन् । जिल्लामा मौसमी रुपमा मात्र खेती गर्ने प्रचलन रहेको र बेमौसमी कृषि खेतीका लागि हौसला नपाउँदा कृषकहरु यो खेतीमा पछि हट्ने गरेका छन् । संघको साधारण सभा तथा अधिवेशनको अवसरमा जिल्लामा व्यवसायिक रुपमा तरकारी उत्पादन गर्ने



२ जना कृषकहरुलाई सम्मान गरीएको छ । सम्मानित हुनेमा प्यूठान नगरपालिका वडा नं. ८ गेजवाङ निवासी शसिधर पण्डित, स्वर्गद्वारी नगरपालिका ३ धनवाङ निवासी शिवलाल पुन रहेका छन् । व्यवसायिक रुपमा तरकारी खेती गर्दै आएका उनीहरुलाई स्वयम आत्मनिर्भर बनेको र विषादी रहित तरकारी उत्पादनमा लागेको कार्यको प्रशंसा गर्दै सम्मान गरीएको हो । त्यसैगरी पत्रकारिताको क्षेत्रबाट योगदान पुऱ्याएको भुमिकाको आधारमा पत्रकार बिमल प्रसाद पोखेल पनि सम्मानित भएका छन् । कार्यक्रममा नेपाल फलफूल तथा तरकारी व्यवसायी महासंघका केन्द्रिय उपाध्यक्ष केशव कुवरको प्रमुख आतिथ्यता, जिल्ला स्थित बिभिन्न कार्यालय तथा संघ संस्थाका प्रमुख तथा प्रतिनिधि लगायतको सहभागिता रहेको थियो । कार्यक्रममा संघका महासचिव टुकलाल न्यौपानेले वार्षिक प्रगति प्रतिवेदन तथा प्रस्तावित कार्यक्रम सहित कोषाध्यक्ष प्रेम जिसीले आर्थिक प्रतिवेदन पेश गरेका थिए ।

## संघको अध्यक्षमा थापा निर्वाचित

पाँचौ साधारण सभा तथा दोस्रो अधिवेशनबाट फलफुल तथा तरकारी व्यवसायी संघको अध्यक्षमा पदम बहादुर थापा निर्वाचित भएका छन् । संघको वरिष्ठ उपाध्यक्षमा बसन्तलाल न्यौपाने, उपाध्यक्ष तरुण विष्ट, महासचिव टुकलाल न्यौपाने, सचिव प्रेम जि.सी., सह सचिव अनिल गुवाजु र कोषाध्यक्षमा नारायण रिजाल निर्वाचित भएका छन्। सदस्यहरुमा टंक पण्डित, रेकमलाल न्यौपाने, मिना वली, बासुदेव रेग्मी, हरीकला धामी, अमृत योगी, बिना राउत, केशर बस्नेत, बिनोद गिरी, गोबिन्द जि.सी., रबिना रिजाल लगायत निर्वाचित भएका छन् ।

# प्यूठान जिल्लामा करिब १ लाख ६१ हजार मतदाता

**बिमल प्रसाद पोखेल**
**झुलेनी पोष्ट, प्यूठान**

प्यूठान जिल्लामा कुल १ लाख ६० हजार ९ सय ८४ जना कुल मतदाता रहेको जिल्ला निर्वाचन कार्यालय प्यूठानले जनाएको छ । हालसम्म दर्ता भएका यो मतदातामा मृत्यु भएका, दोहोरो नाम परेका र बसाई सरी गएकाहरुको तथ्यांक अद्यावधिक भइरहेकोले यो मतदाता संख्यामा केहीँ घट्ने जिल्ला निर्वाचन अधिकृत राजन श्रीवास्तले जानकारी दिए। स्थानीय तहको निर्वाचन आउँदो बैशाख ३० गतेका लागि सरकारले घोषणा गरेकोले मतदाता नामावली अद्यावधिक कार्य भइरहेको उनले बताए ।

निर्वाचन कार्यालयका अनुसार फागुन १९ गतेदेखि २३ गतेसम्म मृत्यु भएका, बसाइ सरेका, दोहोरो नाम परेका र नामावलीमा त्रुटि भएको सच्चाउन सकिनेछ। निर्वाचन कार्यालयले तयार गरेको अद्यावधिक बाहेक ऐरावती गाउँपालिकामा १५ हजार ९ सय १९, गौमुखी गाउँपालिकामा १६ हजार ५ सय ६४, झिमरुक गाउँपालिकामा २० हजार ४ सय ६२, नौबहिनी गाउँपालिकामा १९ हजार ८ सय ७३, प्यूठान नगरपालिकामा ३० हजार १ सय ८१, मल्लरानी गाउँपालिकामा १२ हजार ६ सय ९५, माण्डवी गाउँपालिकामा १० हजार ३ सय ९८, सरुमारानी गाउँपालिकामा १२ हजार ८ सय, स्वर्गद्वारी नगरपालिकामा २१ हजार ६ सय ९३ जना मतदाता रहेका छन् । यो संख्यामा पछिल्लो पटक जिल्ला बाहिरबाट नाम दर्ता गराएका करिब ४ सय समावेश रहेका छैनन भने तिनीहरुको अद्यावधिक गरीएपछि समावेश हुने बताइएको छ ।

यसैबिच जिल्ला निर्वाचन कार्यालय प्यूठानले आगामी स्थानीय तहको निर्वाचनमा मतदाता शिक्षा कार्यक्रम स्थानीय स्तरमा नगर्ने भएको छ । प्यूठान सदरमुकाम खलंगामा आज भएको मतदाता तथा स्थानीय निर्वाचन तयारी सम्बन्धी अन्तरक्रिया कार्यक्रममा कार्यालयले निर्बाचन खर्चमा मितव्यीता कायम गर्दै मतदाता शिक्षा कार्यक्रम नगर्ने जनाएको हो। मतदाता शिक्षाका लागि स्थानीय तहमा उमेद्वार हुनेहरु र आफ्नै पार्टीबाट सञ्चालन गर्नुपर्ने जानकारी गराएको हो । प्यूठानमा १ सय ५१ मतदान केन्द्रहरुका लागि २ हजार ६६ जना कर्मचारी परिचालित हुने जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

त्यसैगरी सरकारले आउदो २०७९ बैशाख ३० गतेको लागि घोषणा गरेको निर्वाचनलाई मध्यनजर गरी प्यूठान जिल्लामा व्यवस्थापन प्रकृया अगाडी बढाइएको छ । जिल्ला जनशक्ति व्यवस्थापन समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी खिमराज भुषालको अध्यक्षतामा बसेको बैठकले ९ वटा स्थानीय तहमा करिब २ हजार ६६ जना कर्मचारीलाई चुनावमा खटाइने प्रारम्भिक तयारी भएको छ ।

जिल्लामा शान्ति सुरक्षा मजबुद गराई स्वतन्त्र एंव भय रहित बातावरणमा निर्वाचन गराउन प्यूठान प्रशासन तयारी अवस्थामा रहेको प्रमुख जिल्ला अधिकारी भुषालले बताए । निर्वाचन गराउदा कर्मचारीहरु नेपालको कानूनको अधिनमा रही काम गर्ने बताए । भुषालले कुनै पनी दलका उमेद्धवारले चुनावमा पैसा बाड्ने जस्ता गैर कानूनी काम गरेमा कानून बमोजिम कार्वाही गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । माघ २४ गतेदेखि नँया मतदाता नामावली संकलन कार्य बन्द भएको र अन्तिम नामावली चैत्र १५ गतेसम्म निर्वाचन आयोगले प्रमाणीकरण गरी घोषणा गर्ने कार्यक्रम रहेको छ ।

### सत्ता गठबन्धन.....

भएपछि राजमो गठबन्धनबाट बाहिरीने घोषणा गरेको हो । राजमोको सहकार्यमा लुम्बिनी प्रदेश, गण्डकी प्रदेशको सरकार बनेको छ । राजमो गठबन्धनबाट बाहिरीने घोषणा गरेसँगै प्रदेश सरकारहरुको पनि नेतृत्व हेरफेर हुने अनुमान गरीएको छ । राजमोको विज्ञप्तिमा भनिएको छ, 'एमसीसी जस्तो राष्ट्रघाती सम्भौता, जसले राष्ट्रलाई दीर्घकालीन रूपले गम्भीर क्षति पुऱ्याउने छ, जसको विरुद्ध सम्पूर्ण नेपाली जनता सडकमा उत्रेको अवस्थामा जालफेल गरेर ध्वनि मतको आधारमा त्यसलाई पारित गरियो । एमसीसी सम्भौतासँगै व्याख्यात्मक घोषणा पारित भए पनि त्यसलाई राजमोले औचित्यहीन बताएको छ । माओवादी र एकीकृत समाजवादीले व्याख्यात्मक प्रस्तावमा कथित सहमति जनाउने कुरा आफ्ना कार्यकर्ताहरूको एमसीसी विरुद्धको आक्रोशलाई मत्थर पार्न गरेको नौटङ्की मात्र भएको पनि राजमोको आरोप छ । यस्तै एमसीसी परियोजना संसदबाट पास हुने दिन आइतबार संसद्मा राजमोकी उपाध्यक्ष तथा प्रतिनिधिसभा सदस्य दुर्गा पौडेलले एमसीसी सम्भौता राष्ट्रघाती भएकाले खारेज हुनुपर्ने माग राखेकी थिइन् ।

## छोटकरी

### सरुमारानीद्वारा घरमै गई प्रसुती जाँच सेवा

**बड्डाँडा ।** सरुमारानी गाउपालिका प्यूठानको आयोजनामा घरमै गई उत्तर प्रसुती जाँच कार्यक्रमको समिक्षा तथा योजना तर्जुमा गोष्ठि सम्पन्न भएको छ । यो कार्यक्रम आ.व. २०७७/७८ देखि नेपालका सबै स्थानिय तहमा संघीय सरकारबाट लागु भएको थियो । सुत्केरी भएको २४ घण्टा भित्र, ३ दिन र ७ दिनमा संस्थागत सुत्केरी तथा घरमै हुने सुत्केरी दुवैलाई यो सेवा दिइदै आएको छ ।

ग्रामीण क्षेत्रमा सुत्केरी भई भौगोलिक समस्या, भर्खरको सुत्केरी अवस्थामा घरबाट बाहिर निस्कनु हुँदैन भन्ने परम्परागत मान्यता, लगायत विविध कारणले स्वास्थ्य संस्थामा जाँच गर्न आउन नसक्नेहरुका लागि स्वास्थ्यकर्मीबाट घरमै गई उत्तर प्रसुती जाँच गर्ने गरीएको सरुमारानी गाउँपालिका स्वास्थ्य शाखा प्रमुख टेकेन्द्र रानाले बताए । उनका अनुसार आमा र नवजात शिशुलाई हुन सक्ने जटिलताहरु समयमै पत्ता लगाई मातृ तथा नवजात शिशु मृत्यु दर घटाउनु यस कार्यक्रमको लक्ष्य रहेको छ । समिक्षा कार्यक्रममा गाउँपालिका अन्तर्गत ६ वटै वडामा रहेका सम्पूर्ण स्वास्थ्य संस्थाहरुले प्रदान गरेको उत्तर प्रसुती जाच, सेवा प्रदान गर्दा आइ परेका प्रमुख समस्या र यस कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाउन सकिने विविध विषयमा छलफल भएको थियो ।

आर्थिक वर्ष २०७८/७९ मा हाल सम्म सरुमारानी गाउँपालिकामा प्रोटोकल अनुसार ३ पटक नै उत्तर प्रसुती जाँच गर्नेहरुको संख्या १ सय ६३ जना रहेका छन् । यस कार्यक्रममा स्वास्थ्यकर्मीले घरमै प्रसुती जाँच गरे बापत प्रोत्साहन रकम पनि गाउँपालिकाबाट प्रदान गरिदै आएको छ । कार्यक्रममा गाउपालिका अन्तरगत रहेका ६ वटा स्वास्थ्य संस्थालाई सो सम्बन्धी अत्याबश्यक उपकरण, सामाग्री सहितको झोला समेत प्रदान गरिएको नर्सिङ प्रमुख इच्छा बुढाले बताइन् । कार्यक्रममा सम्पूर्ण स्वास्थ्य संस्थाबाट संस्था प्रमुख तथा PNC Home Visit मा संलग्न नर्सिङ्ग स्वास्थ्यकर्मी समेतको सहभागिता रहेको थियो ।

### प्यूठान सहकारीको अध्यक्ष दधिराम

बाग्दुला । प्यूठान बचत तथा ऋण सहकारी संस्था लि. बाग्दुला प्यूठानको अध्यक्षमा दधिराम भण्डारी निर्वाचित भएका छन् । आज बाग्दुलामा भएको चौथो साधारण सभा तथा दोस्रो अधिवेशनको अवसरमा भण्डारीको अध्यक्षतामा ९ सदस्यीय कार्यसमिति निर्वाचित भएको हो। सहकारीको उपाध्यक्षमा सरस्वती के.सी., सचिव रमेश पौडेल, सह सचिव चन्द्रलाल न्यौपाने, कोषाध्यक्ष प्रसुजता अधिकारी रहनुभएको छ । सदस्यहरुमा प्रेम प्रसाद पण्डित, शुवासचन्द्र भण्डारी, मनोज रिजाल, पदम प्रसाद शर्मा निर्वाचित हुनुभएको आयोजकले जनाएको छ। अधिवेशनबाट लेखा समितिमा गणेश बहादुर केसीको संयोजकत्वमा पशुपति पण्डित र अनिता केसी, ऋण उपसमितिमा रेशम केसीको संयोजकत्वमा माधव भण्डारी र शिव बहादुर पाण्डे, अमर प्रसाद भण्डारी, शिक्षा उपसमितिमा नेगनसिंह कुवरको संयोजकत्वमा नोना न्यौपाने र कमल प्रसाद पौडेल सदस्य चयन भएका हुन् । २०७५ सालमा स्थापना भएको सहकारीको हालसम्मको पुजि २ करोड १५ लाख रहेको नवनिर्वाचित सचिव रमेश पौडेलले बताए। सहकारीले २ करोड ८ लाख २८ हजार ऋण लगानी गरेको उनले जानकारी दिए। ४ वर्ष अँघि स्थापना भएको सहकारीको संस्थापक अध्यक्ष स्व. केशवराज पण्डित हुन् ।

### बाल संगठनका सभापतिद्वारा पद बहाली

बिजुवार । नेपाल बाल संगठन तदर्थ जिल्ला कार्यसमिति प्यूठानको सभापतिमा चन्द्रकान्त पोखेलले पदबहाली गरेका छन् । नेपाल बाल संगठनको २०७८ भदौ १ गतेको बैठकको निर्णयले पोखेललाई मनोनित गरेको थियो । सोमवार बाल संगठनको कार्यालय प्यूठान नगरपालिका ३ स्थित बाल मन्दिरमा बाल संगठनका पूर्व सभापति मुक्ति प्रसाद सुवेदीले उनलाई पद बहाली गराएका हुन् । मल्लरानी १ निवासी पोखेल लामो समयदेखि शिक्षण पेशामा कार्यरत छन् ।

कार्यक्रममा प्यूठान नगरपालिका वडा नं. २, ३ र ४ वडा अध्यक्ष लगायत स्थानीय सामाजिक अगुवाहरुको उपस्थिती थियो । यस अँघि बाल संगठनको सभापति प्यूठान नगरपालिका ३ का गुमानराज पुलामी थिए ।

### बास प्यूठानको अध्यक्षमा जुमानसिंह

खलंगा । बागेश्वरी असल शासन क्लब जिल्ला शाखा प्युठानको तेस्रो जिल्ला अधिबेशन शनिवार खलंगा प्युठानमा सम्पन्न भएको छ । अधिबेशनले जुमान सिंह के.सी. को अध्यक्षतामा ११ सदस्यि जिल्ला कार्यसमिति सर्वसम्मत चयन गरेको छ ।

जिल्ला कार्य समितिको उपाध्यक्षमा शुसिला बुढामगर, सचीव शमसेर बिक्रम जि.सि., सह सचीव लोकेन्द्र सुनार, कोषध्यक्ष सिर्जना सेन रहेका छन्। सदस्यहरुमा बिजय सिंह भारती, सुजल श्रेष्ठ, प्रज्वल पहडी, कमल बि.क., राजेन्द्र रावत क्षेत्री, पुजा खड्का चयन भएका छन् । अधिवेशनको अवसरमा हाल सम्म भएका गतिविधिको समिक्षा गर्दै विविध प्रस्ताव सहित आगामी कार्ययोजनाबारे सामुहिक छलफल गरिएको आयोजकले जनाएको छ । शाखाका अध्यक्ष सुजल श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रमको सहजीकरण बिजयसिंह भारतीले गरेका थिए।

जिल्ला स्तरमा सेवा प्रदायक निकायसँग सेवाग्राहीले सेवा लिदा र पाउँदाको बखतमा भए गरेका समस्याका बारेमा बास प्यूठानले सहजीकरण गर्दै आएको छ । शुसासन र हित समाज निर्माणको लागि यस क्लवले जिल्लामा नेतृत्वदायी रुपमा खेलेको भूमिको कार्यक्रममा सहभागीहरुले प्रशंसा गरेका थिए ।

# पशुपन्छीलाई प्रयोग हुने पानीको गुणस्तर कस्तो हुनु पर्दछ ?

**-डा.केदार कार्की**

पशुपंक्षीको लागि शरीरका सबै खाले क्रिया-प्रकृयाको लागि आवश्यक पर्ने पोषण तत्व मानिन्छ । प्रक्रियाको लागि आवश्यक पर्ने पोषण तत्व मानिन्छ । पशुपंक्षीको सम्पूर्ण शरीरको ६०–७० प्रतिशत पानीले ओगटेको हुन्छ । जसले पशुपंक्षीको स्वास्थ्य, शारीरिक तौल बृद्धि उत्पादकले तथा प्रजनन क्षमता तथा अन्य पोषणजन्य तत्वको उचित उपभोग तथा उपयोगमा महत्वपूर्ण भुमिका निर्वाह गर्दछ।

पशुपंक्षीहरुले आफनो शरीरलाई आवश्यक पर्ने पानी मुख्यतः सिधै पिउन प्रयोग गरिने खाने पानी दाना आहार हुने पानी ( मिश्रित पानी ) तथा शरीरमा चयअपचवाट प्राप्त हुने पानी जन्य श्रोतवाट उपलब्ध गर्दछन । पशुपंक्षीले उपभोग गर्ने पानीको मात्रा विभिन्न कारक तत्वका कार ण फरक हुने गर्दछ। पशुहरुको शारीरिक क्रियाको अवश्य भौतिक शारीरिक गतिविधीको अवस्था उपभोग गने दाना आहारको संरचनागत अवस्था, सामाजिक तथा वातावरणीय अवस्था, पानीको गुणस्तर प्रयोग गरिने भाडा कुडा र उपलब्ध ठाउँ जस्ता कुराले प्रभावपार्ने गर्छ। पर्ने पशुपंक्षीको उत्पादन तथा उत्पादकतत्व क्षमतामा पानीको गुणस्तर हो त्यो भन्दा कमै उपभोग गर्छन। स्वाद तथा गन्ध आउने तत्व त वनस्पति जन्यपदार्थ कुहिएर आउने हो अझ त्यस भन्दा बढी पानीमा उपलब्ध भएका जीवीत सुक्ष्म र अन्य जलचरको गतिविधी पनिकम महत्वपूर्ण मानिदैन।

आइरन, कपर,जींकको अत्यधिक मात्रा तथा रसायनिक अक्सीजन विग्रहको अवस्थामा पनि पशुले मन नपराउने स्वाद र वासना पानीमा उत्पन्न हुनसक्छ। टानीन , लीगनीन, लेउ जस्ताले प्राकृतिक रुपमा पानीमा गराउने रंग स्वाद परिवर्तन गराउने हुँदा यीनलाई पानीवाट पृथकीकारण मात्र गरिने हो भने पशुपंक्षीले आवश्यकता पशुपंक्षीहरुको उल्लेखनीय उत्पादन क्षमतामा बृद्धि गराउन सहयोगी हुन्छ।

पानीको भौतिक रसायनिक गुणहरुः ६.५–८.५ सम्म पि.एच भएको पानी पशुहरुका लागि उपयुक्त मानिन्छ । यो भन्दा कम पिएच भएमा पानी आपूति गरिने पाइपहरुले नै घात विग्रह गराउँछन । अनि पानीवाट प्रयोग गराउने औषधी पशुले पानीखान रुचाउदैनन। यसको असर भनेको ती पशुपंक्षीवाट उत्पादित पशुजन्य उत्पादनमा नवखादय श्रृंखलामा प्रवेश गरे जन स्वास्थ्यको सुरक्षित होला ? सुक्ष्म जीवाणुको अवस्थितीको अवस्थाः पानी विभिन्न खाले रोग व्याधी गराउन सक्ने सुक्ष्म जीवाणुहरुको आश्रय स्थलका रुपमा सहयोगी हुन सक्छ। स्थिर जलसतह निलो हरियो लेउ यदि मलमुत्रवाट प्रदुषित भए हुर्कन सक्छ । यस्तो पानी उपभोग गर्ने पशुपंक्षी लक्षण विहिन मृत्यु पनि हुन सक्छ । कु को लाई सालमोनेला, लेप्टोसस्पाइर जस्ता जीवाणुको संक्रमण, प्रदुषण न्युन स्तरमा भएपनि पशुपंक्षीको उत्पादित क्षमतामा प्रतिकुल असर पार्न सक्छ।

अझदुगी, परजीवी सुक्ष्म परजीवीले त पानीको गुणस्तरमा असर पार्छ नै । यस्तो पानी उपभोग गरेका पशुहरुको स्वास्थ्य प्रतिकुलताको अवस्था अचानक मृत्युकरण देखि उत्पादन प्रजनन क्षमतामा कमी त आफनै ठाउँमा छ । यस्ता पशु पंक्षीवाट उत्पादित पशुजन्य पदार्थ मानव खादय श्रृङखलामा प्रवेश गरी यसवाट




न्यून शारीरिक तौल विकास, न्युन प्रजनन क्षमता, न्यून दुध उत्पादन वेला न कुवेला विरामी पर्ने जस्तो अवस्था श्रृजना पशुपालनको क्षेत्रमा देखा पर्नुलाई पानी कै गुणस्तरमा कैफियत हुन सक्ने शंका गर्न सकिन्छ । त्यसैले पशुपंक्षीलाई उपलब्ध गराइने पानीको बेला बेलामा मुल्याङकन परिक्षण गरिनु आफुले पालेका पशुपंक्षीवाट अपेक्षित उत्पादन प्राप्त गर्न अपरिहार्य मान्न सकिन्छ। यदि जनस्वास्थ्य एक पशु स्वास्थ्यको दृष्टिकोणले मानवीय एवं पशुपंक्षीको प्रयोग गरिने पानीको निम्न परिक्षण गरिनु अपरिहार्य मान्न सक्दछ।

(क) गन्ध र स्वाद
(ख) भौतिक रसायनिक संरचनाको अवस्था
(ग) विषादी तथा विषादीजन्य अवशेषको अनुपस्थिति
(घ) खनीजजन्य पदार्थहरु नाइट्रेट्र, सोडियम, सलफेट, आइरनको मात्रात्मक उपस्थितिको अवस्था
(ङ) जीवाणु, विषाणु, परजीवी, दुशीजन्य सुक्ष्मजीवाणु प्रदुषणको मात्रात्मक अवस्थितीको अवस्था।

**गन्ध र स्वादको मुल्याङकन** : पशुपंक्षीहरु तीनलाई कस्तो पानी पिउन दिइएको छ बारे सधैं चनाखो हुने गर्दछन । पानीमा अत्याधिक लेदो, अप्रत्यासित स्वादगन्ध र रंगको भएको पानी भएमा यीनले जति मात्रामा आवश्यक पानी उपभोग गर्नु विग्रह गराउँछन । पि.एच बढी भएमा पानी चिपचिपे अनि लेदो युक्त हुनजान्छ। पानीको कडापन त्यसमा भएको क्यालसियम, म्यागनेसियमको मात्रामा भरपर्छ।

कुखुरा, वंगुर,घोडा, दुधालु, गाई, वाख्राको लागि यसको अधिकतम सिमा १०० मिलीग्राम प्रति लिटर मानिन्छ। त्यसै गरी क्यालसियमको मात्रा पशुपंक्षीले पिउने पानीका १०० मिलीग्राम प्रति लिटर भन्दा बढी हुनहुँदैन । पानी उपभोग प्रयोग गर्न उपयुक्ता अनुउपयुक्त भएको, त्यसमाभएको सोडियम क्रोराइलको मात्रामा मापन गरिन्छ। त्यस बाहेक बाइकावोर्निट, सल्फेट, क्यालसियम , म्यागेनिसियम सीलीका , आइरन, नाइट्रेट, पोटासियम, कार्वोनेट, फोस्फोरस, फ्रोराइड प्रमुख मानिन्छ।

पशुपंक्षीको पूर्ण स्वास्थ्य एवं अपेक्षित उत्पादनको लागि यिनलाई प्रयोग गराइने पानीमा यिनको उपस्थिति ०.० प्रतिशत देखि अधिकतम ०.५ प्रतिशतभिन्दा बढी हुनु हुन्न । बिषादी तथा विषादीजन्य पदार्थको अवस्थीति अनुपस्थितिको अवस्था : पानीमा पाइन सकिने सामान्य विषाक्ति गराउने तत्वहरुमा कतिपय अजैविब रसायनिकतत्व, जैविक फोहर, रोग गराउन सकेन।

सुक्षक जीव, झारपात नाशक रसायन तीनको अवशेष, किटनाशक तीनको , अवशेष हुन सक्छन। यीनले प्रत्यक्ष रुपमा पशुपंक्षीमा विषाक्तित गराउँछन, थोरै भए निम्तन सक्ने जनस्वास्थ्य समस्यावारे सोच्ने पर्ने वेला भएको छ । आज जनस्वास्थ्य क्षेत्रले भोग्न परेको मुल चुनौती पानीजन्य, पशुपंक्षीजन्य र कृषिजन्य उत्पादनवाट श्रृजना गरिएको रोग व्याधिलाई मान्न सकिन्छ । रोग हाम्रा गोठ खोर पानीको मुहान अनि भान्सामा छ । हामी समाधान खोज्न तामझामसंग खुलेको तारेस्वास्थ्य संस्थामा भौतारिन्छौं।

**निष्कर्श के त ?**

पशुपंक्षी पालन क्षेत्र आज पानीको गुणस्तरवारे धेरै सजग हुन थालेको छ । कसरी शुद्ध स्वच्छ , सफा पानी आफना पशुपंक्षीलाई प्रयोग गराउने वाटो पानीका मुहानमा कुनैकिसीमका फोहर मैला ठल नकिसाइयोस भन्नेमा सचेत हुनुपर्ने अवस्था छ। तर आजको महागनरीय , उपमहानगरीय आफुलाई सभ्य सामाजिक अगुवा , समाजको अग्रणी बुद्धजीवी, बातावरण विद्नै किन न हुन घरको फोहर त घरको कोशीवाट नजिक कै पानीकै मुहानमै फाल्न त गर्व गर्छन।

हप्ताको ६ दिन बागमतीमा फोहर फाले एकदिन शनिवार बागमती सफाइ अभियान संचालनको जतिसुकै दिन, हप्ता विताए पनि मानव स्वास्थ्य नत पशु स्वास्थ्य सुरक्षित हुने सम्भावनाको परिकल्पना गर्नु सकिन्छ । तर्सथ जल नै जीवन हो।

## सरुमारानीमा.....

आएको छ। आफ्नै एभर ग्रिन नामक नर्सरी रहेको यस फर्मले ताइवान पिंक प्रजातीको अम्बाको विरुवा, कागती, इस्ट्रोबेरी, मोरिङ्गा (सितलचिनी), नरिवल, अनार, धुपिसल्ला, लिची, आप, टिमुर, ड्राइगन फ्रुट, किम्बु आदी विरुवा पनि उत्पाद र बिक्रि गर्दै आइरहेको गमानसिंङ गुरुङले बताए । १२ देखि १४ घण्टा फर्ममै काम गरेर बिताउने डण्ड गुरुङ सुरु देखिनै कृषिमा रमाउने स्वाभावका व्यक्ति हुन। उनले यस फर्म सञ्चालन अघि गतिशिल सहकारी समुहका सदस्य मिली तरकारी खेती गर्दै आइरहेका थिए । उनको पारिवारीक स्रोत नै तरकारी तथा फलफुल खेती रहेको उनको भनाई छ।

फर्म साझेदारीमा लगानी गरि सञ्चालन भए पनि फर्ममा रहि काम गर्नेले न्युनतम पारिश्रमिक समेत लिने गरेको गुरुङ्गले बताए । डण्ड गुरुङ्ग, गमानसिंङ गुरुङ्ग, केसर गुरुङ्ग र २ जना स्थानीय महिला गरि ५ जनाले यस फर्ममा काम गर्दै आइरहेका छन । सिजनको समयमा अन्य व्यक्तिले यस फर्ममा काम पाउने गर्दछन । यस फर्मले जिल्ला वन कार्यालय प्यूठान मार्फत ५ लाख रुपैया अनुदान समेत पाएको डण्ड गुरुङ्गले बताए । उनी थप्छन् 'यस अनुदानले हामीलाई थप हौसला मिलेको छ।' यस फर्मबाट उत्पादित फलफुल तथा विरुवा प्यूठान लगायत दाङ र बुटवलसम्म निर्यात गर्ने गरेको गुरुङले बताए । बढ्दो वेरोजगारीको मारमा च्यापिएका उनले आर्थिक पाटो सुधार गर्न कृषि पेसा अंगालेको बताए । अझै राम्रो फलफुल उत्पादन लिनको लागि अझै केहि वर्ष पर्खिनु पर्ने डण्ड गुरुङले बताउँछन। उनका अनुसार प्रसस्त मात्रामा फल लाग्न ड्राइगन फ्रुट र अम्बाले कम्तीमा ५ वर्ष समय लिने हुँदा उनीहरुले गरेको लगानी दिर्घकालिन रुपमा राम्रो प्रमाणित हुने गुरुङको भनाई छ।


**कृषि तथा पशुपालन सम्बन्धी सामान चाहिएमा हामीलाई सम्झनुहोस**

उन्नत स्थानीय र हाइब्रिड जातका तरकारी तथा अन्नवालीका बिऊ बिजन, किटनाशक तथा ढुसी नासक विषादी, कुखुरा, बङ्गुर, कालिज, टर्कि, गाई भैसी र बाख्राका दाना, गाई भैसीमा कृत्रिम गर्भाधान सेवा, गुणस्तरीय ब्रोइलर, लेयर्स, कालिज, टर्कि गिरिराज, कडकनाथ चल्ला, पशुपन्छीहरुको औषधी उपचार सेवा चाहिएमा सेवा गर्ने मौका दिनुहोला।

**किसान एग्रोभेट,**
**किसान एग्री एण्ड फिड सप्लायर्स**
**प्यूठान नपा-४, जुम्रि प्यूठान**

**सम्पर्क फोन : ९८४७८३९१४३, ९८६८६६८१८८**

नोट : हामीकहाँ २४ सै घण्टा पशु पालन सम्बन्धी प्राविधिक परामर्श सेवा उपलब्ध छ ।



**नगरवासिलाई अनुरोध**

लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम्र अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री नगरपालिका बनाउन प्रतिवद्ध वनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । नगरपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
**प्यूठान नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, विजुवार प्यूठान

# स्वास्थ्य सेवाका समूहगत विज्ञापनमा विवाद किन ?

स्वास्थ्य सेवालाई गुणस्तरीय बनाई आम नागरिक सम्म पुर्याउन दक्ष जनशक्तिको आवश्यकता पर्छ । सरकारले स्वास्थ्य सेवाका कर्मचारीहरुलाई निजामती सेवासँग नबाँझिने गरी उनीहरुको वृद्धि, विकास र सुविधाका लागि छुट्टै एक स्वास्थ्य सेवा ऐन तथा नियमावली बनाई करिब दुई दशकदेखि आभ्यासरत छ । आधुनिक स्वास्थ्य सेवाको सन्दर्भमा कुरा गर्दा संसारका विकसित र विकासशील दुवै किसिमका मुलुकहरुमा रोग प्रतिरोधात्मक, स्वास्थ्य प्रवर्धनात्मक, उपचारात्मक र पुर्नस्थापनात्मक सेवाहरुको माध्यमबाट आम नागरिकलाई सेवा प्रदान गर्ने प्रचलन छ। नेपालमा पनि यस्तै प्रकारका सेवाहरु प्रदान गर्ने गरिन्छ।

नेपालकै सन्दर्भमा कुरा गर्दा यी जति पनि सेवाहरु छन् सबैको सन्तुलन मिलाई जनतासम्म उक्त सेवाहरुको विशिष्टीकरणको रुपमा अझै कार्यान्वन गर्न बाँकि नै छ जस्तो लाग्छ। यसो हुनुको पछाडी विभिन्न किसिमका तत्वहरुको भूमिका रहन सक्छ। थुप्रै तत्वहरुमध्ये आज यस लेखमा समूहगत र व्यक्तिगत स्वार्थमुखी तत्वहरुको कारणले परेका प्रभावको बारेमा विश्लेषणात्मक टिप्पणी गर्ने जमर्को गरिएको छ।

नेपालमा अझै पनि स्वास्थ्य सेवा प्रदायक भनेको डाक्टर, नर्स, र पारामेडिकसहरु मात्र हुन् भन्ने बुझाई छ। स्वास्थ्य सेवाको प्रवर्धनात्मक र प्रतिकारात्मक सेवामा महत्वपूर्ण भूमिका खेल्ने जनस्वास्थ्य, स्वास्थ्य शिक्षा र स्वास्थ्य प्रवर्धन, पोषण सेवा, वातारण स्वास्थ्य, स्वास्थ्य मनोविज्ञान आदि जस्ता विशिष्टीकरण विषयमा खासै कुरा गरेको पाईंदैन। यी विषयको महत्व न नीति बनाउने तहमा छ नत आम नागरिक तहमा हुने गरेको छ। यसलाई हामी आपूर्ति र माग दुवै तहमा देखिएको त्रुटीको रुपमा हेर्न सक्छौं । नयाँ कर्मचारी नियुक्ति गर्ने बेलादेखि नै योजना तहमा अहिले मुलतः जनस्वास्थ्य र स्वास्थ्य शिक्षाका पदहरुमा विवाद भएको देखिन्छ। त्यस्तै अन्य चिकित्सा समूहहरुमा पनि देखिन्छ। नेपालको स्वास्थ्य नीति र नियमावलीले स्पष्ट रुपमा कुन समूहको लागि कुन योग्यता हासिल गरेको र कुन सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्छ भनि उल्लेख गरेको छ। तर विडम्बना के छ भने जब लोक सेवा आयोगमा विज्ञापन हुन्छ (जस्तै स्वास्थ्य शिक्षा अधिकृत, जन स्वास्थ्य अधिकृत) निवेदन दिने बेलादेखि नै विवाद हुन्छ र कर्मचारी वा व्यक्तिहरुका आ-आफ्नै विचार र भनाईहरु आउँछन् न कि उनीहरु त्यो स्वास्थ्य नीति र नियमावली अनि निवेदकले प्राप्त गरेको योग्यताको प्रमाणपत्र राम्रोसँग पढिएको हुन्छ।

सुरुमा लोक सेवाको निवेदन शाखाबाटै योग्यता नपुगेका निवेदकको पनि फारम स्वीकृत गर्ने र फारम स्वीकृत भइसकेपछि निवेदकले पनि मेहनतका साथ परीक्षाको तयारी गरी परिक्षा समेत दिन्छन् । र, उक्त परीक्षामा असफल भए कसैले कुरा उठाउँदैनन् तर जब कुनै अर्कै समूहको व्यक्ति उत्तीर्ण भई अन्तरर्वार्ताका लागि छनौट हुन्छ तब सम्बन्धित निकायको ध्यानाकर्षण गर्ने र अदालतसम्म पुगी मुद्दा परेका कयौं उदाहरणहरु भेटिन्छन् । एक पटक फैसला भइसकेका केसहरुमा पनि पुनः सोही प्रकृतिको विवाद हुनु दूर्भाग्य नै हो । उदाहरणका लागि जनस्वास्थ्य र स्वास्थ्य शिक्षा फरक फरक समूह भित्र पर्छन । स्वास्थ्य सेवा नियमावलीमा जनस्वास्थ्य अधिकृत पदको लागि कम्तीमा जनस्वास्थ्य विषयमा स्नातक उत्तीर्ण र स्वास्थ्य शिक्षा अधिकृत पदको लागि स्वास्थ्य शिक्षामा कम्तीमा स्नातक उत्तीर्ण गरेको हुनुपर्छ भनि प्रस्ट पारेकै छ र हुनुपर्ने पनि आफ्नो विशिष्टीकरण विषयमा मात्र निवेदकको निवदेन स्वीकृति हुनुपर्ने हो। यी दुई समूहहरु नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता हुने र दर्ता कोड फरक-फरक हुने गर्छ जुन वैज्ञानिक छ।जनस्वास्थ्य उपाधिहरुको जनपीएच र स्वास्थ्य शिक्षा उपाधिको लागि जनएचएडु भन्ने छुट्टा छुट्टै समूहमा दर्ता हुन्छन। यति सानो कुरा पनि केलाउन नसक्नुलाई कसको कमजोरी मान्ने ?

अब ध्यान दिनुपर्ने कुरा के छ भने जनस्वास्थ्यमा स्नातक भन्नाले बिपीएच उत्तीर्ण हो र स्वास्थ्य शिक्षामा स्नातक भन्नाले विदेशको हकमा हाल भारतका विभिन्न विश्वविद्यालयहरुबाट उत्तीर्ण डीएचई/पिजीडीएसपीई र नेपालको हकमा महाराजगञ्ज क्याम्पसबाट एमएचपीई लाई मात्र टियूको पाठ्यक्रम विकास केन्द्रले मान्यता दिएको र विषयको सान्दर्भिकतालाई हेर्दा पनि यो नै वैज्ञानिक र नेपालको स्वास्थ्य ऐन र नियमावली को मर्म बुझ्ने देखिन्छ जुन सही छ। तर यो कुरालाई केहीको व्यक्तिगत स्वार्थ र पहुँचका आधारमा उपलब्ध ऐन नियमको गलत व्याख्या गरी आ-आफ्नो किसिमले परिभाषा दिने र कुरालाई बंग्याउने चलनले समस्या देखिएको हो । यो कुरा लाई झन् विवादमा ल्याउने काम अहिले नयाँ रुपमा सञ्चालन भएका नेपालका केहि विश्वविद्यालयहरुबाट सञ्चालित कार्यक्रमहरुले गर्दा पनि हो। जस्तो मास्टर इन पब्लिक हेल्थ इन हेल्थ प्रोमोसन एण्ड एजुकेसन नाम दिएको शैक्षिक कार्यक्रम । यो कार्यक्रम पक्कै पनि स्वास्थ्य प्रवर्धन जनशक्ति उत्पादनको लागि हुनुपर्छ जुन स्वास्थ्य शिक्षा अधिकृत र प्रशासकको लागि पनि होला तर कार्यक्रमको आगाडी एमपीएच जोडिनाले यो डिग्रीको नाम जनस्वास्थ्य समूहमा मिल्ने देखिन्छ। उद्देश्य एउटा नाम अर्को दिदा समस्या भएको हो । सुरुमै एमपीएच मात्र हुनु पर्थ्यो कि एमएचपीई हुनुपर्थ्यो। यो हेर्दा अलि मिल्दो देखिदैन त्यसैले यो डिग्री दिने क्रममा सम्बन्धित विश्वविद्यालयले समयमै परिमार्जन गर्नुपर्ने देखिन्छ । हाल प्रदेशमा समेत आवश्यक दरबन्दीहरु कटौती गर्ने गर्दा स्वास्थ्य सेवामा प्रतिकुल असर पर्न जान्छ । विश्वमा स्वास्थ्य प्रवर्धन वा स्वास्थ्य शिक्षा अनि अर्को तर्फ जनस्वास्थ्य भन्ने शब्दावली नै लोकप्रिय र वैज्ञानिक छन तर नेपालमा किन जनस्वास्थ्य प्रवर्धन भनेर नाम बिगार्ने चेस्टा गर्रिंदै छ ? यो बुझ्न नसकेको कुरा हो । की जनस्वास्थ्य की स्वास्थ्य प्रवर्धन भन्नु उपयुक हो जस्तो



**डा. सालिकराम धिताल**

लाग्छ र यथार्थ पनि यही हो । यदि कुनै विषयमा कमजोरी वा भ्रम छ भने सम्बन्धी विश्वविद्यालयहरुमा सम्पर्क गरेर उक्त डिग्रीको बारेमा थप छलफल गरी नेपालमा कसरी कुन तहमा मान्यता दिने भन्ने कुराको बहस गर्न आवश्यक छ। न की समूहगत विवाद ल्याई रहने? कति दिनसम्म हामी यसरी हिडीरहने ?

अन्तराष्ट्रिय अभ्यास र राष्ट्रिय आवश्यकताको आधारमा सही व्यक्ति सही पद र जिम्मेवारीका लागि खटाउनुको विकल्प छैन कि ? यो प्रश्न स्वास्थ्यका नीति निर्माताहरु, राजनैतिक दलका हरेक जिम्मेवार नेतागणहरु र अन्य सम्बन्धित सरोकारहरूसँग सम्बन्धित छ। समय सान्दर्भिक र विश्व परिवेश अनुसार विषय विशिष्टीकरण अनुसार पद र जिम्मेवारीहरु परिमार्जन गर्दै जानु पर्दछ।

**(डा धिताल सरकारका स्वास्थ्य शिक्षा अधिकृत तथा जनस्वास्थ्य विज्ञ हुन )**


## गाउँ पालिका वासिलाई अनुरोध

लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री नगरपालिका बनाउन प्रतिवद्ध वनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, लिवाङ प्यूठान

"हामी सबैको एउटै रहर, पूर्ण सरसफाई यूक्त हाम्रो नगर,
पूर्ण सरसफाई यूक्त हाम्रो नगर, अब छैन कसैलाई रोगको डर"

## सम्पूर्ण नगरवासीमा प्यूठान नगरपालिकाको अपिल

**फोहोर व्यवस्थापन सन्देश :**

- फोहोरलाई श्रोतमै बर्गिकरण गरी पुन: प्रयोग गरौं ।
- कुहिने फोहोरबाट कम्पोष्ट मल उत्पादन गरी कौशी खेती प्रर्बद्धन गरौं ।
- फोहोरको दिगो व्यवस्थापन गरौं, वातावरण संरक्षण गरौं ।
- नजाने फोहोर जाने मोहर
- फोहोर मैला व्यवस्थापन गरौं, जिम्मेवार नागरीक बनौं ।
- आफ्नो शहर सफा र स्वच्छ राखौं, सभ्य नागरिकको परिचय दिऔं ।
- कुहिने र नकुहिने फोहोर बर्गिकरण गरौं, २ छुट्टाछुट्टै भाँडामा संकलन गरौं ।
- हानिकारक फोहोरलाई साधारण फोहोरमा नमिसाउँ ।
- फोहोरमैला व्यवस्थापनमा अग्रसर होऔं स्थानीय निकाय सित हातेमालो गरौं ।
- पुर्ण सरसफाईमा हाम्रो प्रतिबद्धता दिगो फोहोरमैला व्यवस्थापन आजको आवश्यकता ।

**कसैले देहायको काम गरेमा कसुर गरेको मानिनेछ ।**

- नगरपालिकाले तोकिदिएको समय र स्थानबाहेक अन्यत्र फोहोरमैला निष्काशन गर्ने ।
- घर, कम्पाउण्ड तथा परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने ।
- फोहोरबाट निस्केको दुषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर जग्गा प्रदुषित गराउने ।
- सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको सवारी साधन विसाउने वा बिसाई रहेको सवारी साधन हटाउन इन्कार गर्ने ।
- जन-स्वास्थ्यमा प्रतिकुल असर पर्ने गरी सडक वा सार्वजनिक स्थलमा कुनै पनि किसिमको हानिकारक फोहोरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने ।
- श्रोतमै फोहोरमैलाको वर्गिकरण नगरी फोहोरमैला मिसाएर निष्काशन गर्ने ।
- मरेको वा मारेको पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डि तथा माछाको कत्ला आदी सार्वजनिक स्थल, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने ।
- सार्वजनिक सवारी साधनबाट यात्रा गर्ने क्रममा झ्यालबाट सार्वजनिक स्थल तथा सडकहरुमा कुनै पनि प्रकारको फोहोर जन्य पदार्थहरु जथाभावी फ्याँक्ने ।

**सजाय : माथी उल्लेखित कसुर गर्ने व्यक्तिलाई स्थानीय निकायले पहिलो पटक भए रु. ५00, दोश्रो पटक भए रु.१000 र तेश्रो पटक वा सो भन्दा बढि पटक गरेमा रु. ३000 जरिवाना र फोहोरमैला उठाउन लाग्ने खर्च समेत निजबाट असुल गर्न सक्नेछ ।**

अनुरोधक :
प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
विजुवार, प्यूठान

तपाइको घर तथा अफिस अफिसको साथी .......

# हाम्रो राम्रो डेकोर एण्ड मल्टि सप्लायर्स

प्रो. सन्देश आचार्य (९८५७८३१९४७, ९८४८१६५१४७)



**घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सामग्रि आवश्यक परेमा हामीलाई सम्झनुहोस् ।**

मो.नं.: ९८५७८३३४५५

# पृथ्वी एग्रोभेट सेन्टर

प्यूठान न.पा.-८, बाग्दुला प्यूठान



हामिकहाँ विभिन्न प्रकारका बिउबिजन, विषादी, कम्बाईन मिल, मिनिटिलर, थ्रेसर, रोटामेटर, लगायत कृषि सम्बन्धी सम्पूर्ण सामग्री उपलब्ध छ।

तपाइको घर तथा अफिस सजाउने जिम्मेवारी अब हाम्रो .......

# राज डेकोर होम

9857821586



**घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सामग्रि एउटै छानामुनी सुपथ मुल्यमा उपलब्ध छ**

## स्वास्थ्य मापदण्डको पालना गरौं ।

स्वास्थ्य मापदण्डको पालना गरी विद्यालय, क्याम्पस लगायतका शैक्षिक संस्था सञ्चालनमा सहयोग पुऱ्याऔं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## गाउँपालिका वासिलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं ।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं ।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं ।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल विवाह रोकौं, छोरीको उज्ज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम्‌ अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं ।
१२) गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
**नौबहिनी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, बाहाने प्यूठान

## गाउँपालिका वासिलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं ।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं ।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं ।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल विवाह रोकौं, छोरीको उज्ज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम्‌ अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं ।
१२) गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
**मल्लरानी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, खलंगा प्यूठान

**झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक**
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२)
कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : पौरखी अफसेट प्रेस बाग्दुला प्यूठान